# अग्रिम कर कट्टिको विवरण (ETDS) पेश गरेको करदाताले पुनः संशोधित विवरण दाखिला (सबमिट) गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

कुनै करदाताले अग्रिम कर कट्टी गरिएको विवरण पेश गर्दा एउटै विवरणमा केहि अग्रिम कर कट्टि हुने करदाता (Withholdee) को नाम, स्थायी लेखा नम्बर उल्लेख गरेको र केहि अग्रिम कर कट्टी हुने करदाताको नाम, स्थायी लेखा नम्बर (PAN) उल्लेख नगरी एकमुष्ट रुपमा भुक्तानी रकम र कर उल्लेख गरी विद्युतीय माध्यमबाट अग्रिम कर कट्टीको विवरण (ETDS) दाखिला गरेको हकमा उक्त एकमुष्ट उल्लेख भएको विवरणबाट आय वर्ष २०७७/७८ को आय विवरण बुझाउदा अनुसूची १० मा उक्त कर कट्टि गरिएको रकम स्वतः नआउने हुँदा त्यसरी एकमुष्ट रुपमा उल्लेख गरेको विवरणको सट्टा अग्रिम कर कट्टि हुने करदाता (Withholdee) को नाम, स्थायी लेखा नम्बर राखी विवरण संशोधन गर्न अग्रिम कर कट्टी गर्ने करदाता (Withholder) ले पहिले दाखिला (सबमिट) गरेको विवरणमा उल्लेखित करदाताको नाम, स्थायी लेखा नम्बर र कर रकम फरक नपर्ने गरी नयाँ सबमिशन नम्बर लिई एकमुष्ट उल्लेखित विवरणको सट्टा अग्रिम कर कट्टी हुने करदाताको नाम, स्थायी लेखा नम्बर र कर रकम थप उल्लेख गरी अग्रिम कर कट्टीको विवरण सबमिट गर्ने र सोको भेरीफाइ सम्बन्धित कार्यालयबाट गराउनु पर्नेछ। कार्यालयबाट भेरीफाइ भएपछि उक्त कर अनुसूची १० मा स्वतः आउनेछ। यसरी अनुसूची १० मा क्रेडिट रकम समावेश भएको सुनिश्चित गरेर मात्र आय विवरण दाखिला गर्नुहुन सम्बन्धित सबै करदातालाई जानकारी गराइन्छ।

**आन्तरिक राजस्व विभाग**